## खानी तथा खनिज पदार्थ नियमावली-२०५६ को नियम ४२ बमोजिम
## आ.व. ०८२/८३ को उत्खनन् अनुमतिपत्र नविकरणका लागि पेश गर्नुपर्ने कागजातहरु (चेकलिष्ट)

| सि. न. | आवश्यक कागजात | पेश भएको/पेश नभएको |
|---|---|---|
| १ | अनुसूची-९ फारम सहित विभागबाट उपलब्ध गराइएको नविकरण सम्बन्धी फारममा पूर्ण विवरण भरिएको हुनुपर्ने । उक्त फारम सहित निम्न विवरण समेत समावेश भएको हुनुपर्ने ।<br>क. खानीमा कार्यरत प्राविधिक जनशक्ति माइनिङ्ग/जियोलजी वा अन्य सम्बन्धी विवरण<br>ख. दैनिक उत्खनन/मासिक उत्खनन बमोजिम खानीद्वार निकासी भएको परिमाण तथा निकासी पश्चात खानी स्टकयार्डमा मौज्दात रहेको (आ.व. २०८१/८२ को अन्त्यसम्मको) उत्खनित खनिजको परिमाणको विवरण (पछि सम्म फरक नपर्ने गरी)<br>ग. उत्खनित खनिज पदार्थ आफैले खपत गरेको वा विक्री/वितरण गरेको भए कुन-कुन ठाउँमा को-कसलाई के कति परिमाणमा विक्री गरिएको हो, खुलाउनुपर्ने | |
| २ | वासलात प्रतिवेदनमा उत्खनन् अनुमतिपत्र अनुसार छुट्टाछुट्टै विवरण (अनुमतिपत्र नम्बर, कारोबार, आय, व्यय लगायत) उल्लेख गरी पेश गर्नुपर्ने | |
| ३ | नविकरण तथा भूबहाल दस्तुर बैंक दाखिला गरी सोको भौचर | |
| ४ | स्वघोषणा | |
| ५ | आ.व. २०८१/८२ मा उत्खनित खनिजको दाखिला गरेको रोयल्टी अनुसार दाखिला भएको स्थानीय विकास शुल्कको प्रमाण | |
| ६ | वन नियमावली, २०७९ को प्रावधान अनुसार वातावरणीय सेवा शुल्क दाखिला गरेको प्रमाण (उत्खनन् क्षेत्र वन क्षेत्रमा पर्ने हकमा) | |
| ७ | विभागले तोकेको ढाँचामा रंगिन फोटो सहितको वातावरणीय समिक्षा प्रतिवेदन (परामर्शदाताको सहीछाप सहित) | |
| ८ | खानीमा कार्यरत कामदार तथा कर्मचारीको जीवन बीमा गरिएको अभिलेख विवरणको प्रतिलिपी | |
| ९ | ठेक्का पट्टाबाट कार्य गरेको भए ठेकेदारको विवरण, ठेकेदार पक्षबाट प्रयोग भएको मेशिन, औजार, खर्च, लागत, जनशक्ति आदिको विवरण र सम्झौताको प्रति समेत पेश गर्नुपर्ने | |
| १० | विभागको पत्र अनुसार तिर्नुपर्ने बाँकी बक्यौता कम्पनीको तर्फबाट सञ्चालक समेत वा व्यक्तिले भुक्तानी गर्नुपर्ने | |
| ११ | यस अघि स्वीकृत माइनिङ्ग स्कीम, वातावरणीय अध्ययनको कार्यसूची/क्षेत्र निर्धारण (SD/TOR) र वातावरणीय अध्ययन प्रतिवेदन (BEE/IEE/EIA) को एक/एक प्रति प्रतिलिपी र विद्युतिय कपी (E-copy) नबुझाएको भए सो समेत विभागमा पेश गर्नुपर्ने | |
| १२ | खानीद्वारमा रहेको उत्खनित खनिज परिमाण मापन गर्ने विधि सम्बन्धी विवरण | |
| १३ | विभागले अनुमति जारी गर्दाका शर्तहरु तथा विभागीय अनुगमनको आधारमा दिइएका निर्देशन/आदेशको कार्यान्वयनको अवस्था सहितको प्रगति प्रतिवेदन/विवरण | |
| १४ | **कम्पनीको हकमा**<br>क. कम्पनीको हकमा (कम्तीमा) आ.व. ०८०/८१ सम्मको कर चुक्ता प्रमाण पत्र , कम्पनी अद्यावधिक भएको सम्बन्धित निकायको पत्र (प्रतिलिपी) तथा हालको शेयर लगत प्रमाण<br>ख. स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपी (पहिले पेश नभएको खण्डमा) | |
| १५ | **व्यक्तिको हकमा**<br>क. स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपी (पहिले पेश नभएको खण्डमा) | |

निवेदक तथा अख्तियारीवालाको लागि

यस चेकलिस्टमा उल्लेख भए बमोजिमको सम्पुर्ण कागजातहरु म, निवेदकले खोजतलास अनुमति नविकरण प्रयोजनार्थ पेश गरेको छु ।

.................... ............................

नाम (निवेदक) नाम (अख्तियारीवाला)

मिति मिति